**Soaltee Hotel Limited**

★ ★ ★ ★ ★

# ४१औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण

## (माइन्यूट)

## (Minutes)




## आर्थिक वर्ष २०७१/७२

## २०७२ पौष २९ गते

## (१३ जनवरी २०१६)

## ताहाचल, काठमाण्डौं, नेपाल ।

Soaltee Hotel Limited
★ ★ ★ ★ ★

सोल्टी होटल लिमिटेड काठमाण्डौं

२०७२ माघ ६
(२० जनवरी २०१६)

**श्री आदरणीय शेयरधनी महानुभाव,**

सोल्टी होटल लिमिटेडको मिति २०७२ **साल पौष** २९ गते तद्नुसार १३ जनवरी २०१६, बुधबारका दिन बिहान १०.३० बजे, **श्री सोल्टी क्राउन प्लाजा, मेघा मल्हार सम्मेलनकक्ष, ताहाचल, काठमाडौं नेपालमा** बसेको कम्पनीको **४१औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट, Minutes) कम्पनी ऐन, २०६३ को दफा ७५ को उपदफा (३)** बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको निम्ति यसै साथ संलग्न गरी पठाएको व्यहोरा अनुरोध छ ।

सःधन्यवाद ।

भवदीय,

लिल बहादुर खत्री
कम्पनी सचिव

**संलग्न कागजातहरु :–**

१ **४१औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट, Minutes)**

# सोल्टी होटल लिमिटेड

## ४१औं वार्षिक साधारण सभाको
## काम कारबाहीको विवरण (माइन्यूट)

१ **वैधानिक सभा**

सोल्टी होटल लिमिटेडको २०७२ मंसिर १४ गते (३० नोभेम्बर २०१५) सोमबारका दिन बसेको संचालक समितिको २०३औं बैठकको निर्णय, कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम यस कम्पनीको ४१औं वार्षिक साधारण सभा कम्पनीका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूको सभापतित्वमा निम्न मिति, स्थान, र समयमा बसी देहायका विषयहरु उपर छलफल तथा देहाय बमोजिम निर्णय भई सुसम्पन्न भयो ।

२ **सभाको मिति, स्थान र समय**

**मिति: २०७२ साल पौष २९ गते तद्नुसार १३ जनवरी २०१६, बुधबारका दिन ।**

**स्थान: सोल्टी क्राउन प्लाजा, मेघा मल्हार सम्मेलनकक्ष, ताहाचल, काठमाडौं ।**

**समय: बिहान १०.३० बजे प्रारम्भ भई दिउसो १२.४५ बजे सम्पन्न भएको ।**

३ **सभाको सूचना**

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) को व्यवस्था बमोजिम कम्पनीको ४१औं वार्षिक साधारण सभाको सूचना तथा आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) को वार्षिक प्रतिवेदन एवं वित्तीय विवरणहरु सहित सभामा छलफल हुने विषयहरु सम्बन्धी सम्पूर्ण प्रस्तावहरु शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै शेयरधनी महानुभावहरुको जानकारीको लागि कम्पनीको ४१औं वार्षिक साधारण सभा सम्बन्धी प्रारम्भिक सूचना सहितको शेयर दाखिल खारेज दर्ता किताब बन्द रहने सम्बन्धी सूचना **कारोबार** आर्थिक राष्ट्रिय दैनिकमा २०७२ मंसिर १७ गते तद्नुसार ३ दिसम्बर २०१५ बिहिबारका दिन प्रकाशित गरिएको थियो ।

४१औं वार्षिक साधारण सभाको मिति, स्थान, समय र छलफलका विषयहरु सहित अन्य जानकारीहरु समावेश रहेको बिस्तृत सूचना प्रथम पटक **कारोबार** आर्थिक राष्ट्रिय दैनिकमा मिति २०७२ पौष ६ गते तद्नुसार २१ दिसम्बर २०१५ सोमबारका दिन प्रकाशित गरिएको र सो सम्बन्धी दोश्रो पटकको सूचना सोहि **कारोबार** आर्थिक राष्ट्रिय दैनिकमा मिति २०७२ पौष ८ गते तद्नुसार २३ दिसम्बर २०१५ बुधबारका दिन प्रकाशित गरिएको थियो ।

यसैगरी, शेयरधनी महानुभावहरुलाई कम्पनीको शेयरधनी दर्ता किताबमा कायम रहेको सम्बन्धित ठेगानामा ४१औं वार्षिक साधारण सभा सम्वन्धी बिस्तृत सूचना, सामान्य जानकारी तथा आवश्यक कागजातहरु, छलफलका विषयहरु र कम्पनीको आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) को वार्षिक आर्थिक विवरणहरु समावेश रहेको कम्पनीको **४१औं वार्षिक प्रतिवेदन २०७१/०७२** शेयरधनी महानुभावहरुको जानकारी एवं सूचनार्थ निर्दिष्ट समय भित्र हुलाक, कुरियर र निजि सन्देशवाहक मार्फत कम्पनीको रेकर्डमा उपलब्ध रहेको शेयरधनी महानुभावहरुको ठेगानाहरुमा सम्प्रेषित गरिएको थियो ।

## ४ छलफलको विषय

### (क) सामान्य प्रस्ताव

१. संचालक समितिको आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) को वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको **आर्थिक वर्ष** २०७१/०७२ (२०१४/१५) का वार्षिक **आर्थिक विवरणहरु** ( हिसाव किताव) २०७२ आषाढ मसान्तको **वासलात**, सोही मितिमा समाप्त भएको **आम्दानी विवरण** (नाफा नोक्सान हिसाब), **नगद प्रवाह विवरण** तथा **ईक्वीटीमा भएको परिवर्तन** उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम **आर्थिक वर्ष** २०७१/०७२ (२०१४/१५) को नाफाबाट शेयरधनीहरुलाई **लिन मञ्जुर तथा चुक्ता पूँजीको ६.५७८९४७३७ प्रतिशतका** दरले नगद लाभांश प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. कम्पनीको लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम **आर्थिक वर्ष** २०७२/०७३ (२०१५/१६) का लागि कम्पनीको **लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक** स्वीकृत गरी पारित गर्ने ।

### (ख) विषेश प्रस्ताव

५. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम **आर्थिक वर्ष** २०७१/०७२ (२०१४/०१५) को नाफाबाट शेयरधनीहरुलाई **लिन मञ्जुर तथा चुक्ता पूँजीको २५ प्रतिशतका** दरले **बोनस शेयर** वितरण गर्ने र सोहि अनुसार लिन मन्जुर तथा चूक्ता पूंजीलाई बृद्धि गर्न स्वीकृत गरी पारित गर्ने ।

६. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको शेयर पूंजी बृद्धि गर्ने विशेष प्रस्तावलाई स्विकृत गरी पारित गर्नेः–

(क) कम्पनीको **जारी पूंजी** रु. ५०,००,००,००० **(रुपैयां पचास करोड)** प्रति शेयर रु. १०/- का दरको ५,००,००,००० थान साधारण शेयरबाट बृद्धिगरी रु. ७५,००,००,००० **(रुपैयां पचहत्तर करोड)** प्रति शेयर रु. १०/- का दरको ७,५०,००,००० थान साधारण शेयर पुऱ्याउने ।

७. कम्पनीको संचालक समितिबाट शेयर पूंजी बृद्धि गर्ने विशेष प्रस्ताव भए बमोजिम कम्पनीको **प्रबन्धपत्र र नियमावलीमा संशोधन** गर्न विशेष प्रस्ताव पारित गर्ने तथा यस सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय वा अन्य नियमनकारी निकायबाट कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन, परिमार्जन वा समायोजन गर्न पर्ने भएमा सोका लागि संचालक समितिलाई अधिकार प्रदान गर्ने ।

### (ग) विविध

८. विविधः अध्यक्षको आज्ञानुसार ।

५ उपस्थिति

१. कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम संचालकहरुको उपस्थितिः

| | | |
|---|---|---|
| १. | श्री दिनेश बहादुर बिष्ट | कार्यकारी अध्यक्ष |
| २. | श्री निरन्जन कुमार टिवरेवाला | संचालक |
| ३. | श्री बिजय बहादुर श्रेष्ठ | संचालक |
| ४. | श्री रवि भक्त श्रेष्ठ | संचालक |
| ५. | श्री राजेश काजि श्रेष्ठ | संचालक |
| ६. | श्री राम हरी शर्मा सेढाई | संचालक |

२. कम्पनीका पदाधिकारीहरुको उपस्थिति

| | | |
|---|---|---|
| १. | श्री उपल मजुमदार | महाप्रबन्धक, सोल्टी क्राउन प्लाजा, काठमाण्डौं । |
| २. | श्रीमती दुर्गा श्रेष्ठ | मुख्य लेखापाल |
| ३. | श्री लिल बहादुर खत्री | कम्पनी सचिव |
| ४. | श्री सुर्दशन चापागाई | निर्देशक वित्त तथा व्यापार सहयोग, सोल्टी क्राउन प्लाजा |
| ५. | सि ए श्री प्रविन कुमार झा | लेखापरीक्षक, साझेदार, जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउण्टेण्टस्, काठमाण्डौं । |

३. शेयरधनीहरुको उपस्थिति

| | | |
|---|---|---|
| १. | कुल शेयरधनीहरुको उपस्थिति संख्या | ७९५ |

६ गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम)

| विवरण | कुल | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनी संख्या | ३,२७५ | ७९५ | २४.२७ % |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ४२,१२१,७६८ | ३५,३५३,२३८ | ८३.९३ % |

## ७ सभाको वैधानिकता

सभाको प्रारम्भमा कम्पनी सचिवले उपस्थित कार्यकारी अध्यक्ष, संचालक समितिका सदस्यहरु, सम्पूर्ण शेयरधनी महानुभावहरु तथा लेखापरीक्षक, उपस्थित कम्पनीका पदाधिकारीहरु एवं समस्त उपस्थित महानुभावहरुलाई कम्पनीको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्दै, कम्पनीको ४१औं वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम बोलाईएको र ४१औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको उपस्थिती पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या जम्मा ७९५ रहेको र कुल शेयर संख्याको ८३.९३ प्रतिशतको प्रतिनिधित्व भएको हुंदा कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा यस कम्पनीको नियमावलीको नियम ३८ को उपनियम (क) अनुसार साधारण सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको प्रमाणित गरि प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

## ८ सभाको सभापतित्व र सभा संचालन

सभाको वैधानिकता पश्चात्, कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) र यस कम्पनीको नियमावलीको नियम ३९ मा प्रावधान भए बमोजिम,४१औं वार्षिक साधारण सभाको सभापतित्व संचालक समितिका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले गर्नुहुने जानकारी गराउंदै पूर्वान्ह १०.३० बजे कम्पनीको ४१औं वार्षिक साधारण सभाको काम कारबाही संचालन गर्न सभापतिज्यूलाई हार्दिक अनुरोध गर्नु भयो ।

सभाका सभापति, श्री दिनेश बहादुर बिष्टज्यूले सभामा उपस्थित सबै शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत अभिवादन गर्नु हुंदै ४१औं वार्षिक साधारण सभाको काम कार्यबाही अगाडि बढाउनु भयो ।

## ९ अध्यक्षज्यूको मन्तब्यको सारसंक्षेप

कम्पनीको ४१औं वार्षिक साधारण सभालाई आफ्नो मन्तब्य प्रकट गर्नुहुंदै कम्पनीका कार्यकारी अध्यक्ष तथा सभाका सभापति श्री दिनेश बहादुर बिष्टज्यूले वार्षिक साधारण सभामा उपस्थित हुनुभएका संचालक समितिका सदस्यहरु, सम्पूर्ण शेयरधनी महानुभावहरु, लेखापरीक्षक, कम्पनीका पदाधिकारीहरु एवं सम्पूर्ण उपस्थित महानुभावहरुलाई हार्दिक स्वागत गर्नु हुदै अध्यक्षको मन्तब्य प्रकट गर्नुभयो ।

सभापति श्री दिनेश बहादुर बिष्टज्यूले कम्पनीको समिक्षा आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) को कार्यप्रगति तथा व्यावसायिक कारोबारको संक्षिप्त बिश्लेषणात्मक जानकारी ४१औं साधारण सभा समक्ष प्रस्तुत गर्दै समिक्षा आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्षको तुलनामा कुल कारोबारमा २.२५ प्रतिशतको सिमान्त बृद्धि सहित कुल आम्दानी लगभग रु. १ अर्ब ४४ करोड हुन पुगेको, होटेलको अक्यूपेन्सी ६५.२० प्रतिशत, औषत कोठा दर रु. ७,९७७ र आम्दानी प्रति उपलब्ध कोठा रु. ५,२०१ रहेको उल्लेख गर्नु भयो ।

समिक्षा आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) मा कम्पनीको संचालन मुनाफा (ब्याज, ह्रास, व्यवस्था तथा कर अघिको मुनाफा) लगभग रु. ३९ करोड ३० लाख रही कर पश्चात्को खुद मुनाफा रु. २२ करोड १ लाख रहेको उल्लेख गर्नु भयो ।

अध्यक्षले समिक्षा आर्थिक वर्ष कम्पनीको कुल आम्दानीमा अपेक्षित बृद्धि नहुनुको मुख्य कारण गत २०७२ साल बैशाख १२ गते देशमा आएको विनाशकारी महाभूकम्प र त्यसपछिका शक्तिशाली पराकम्पनहरुबाट होटेलको पूर्वनिर्धारित कोठा आरक्षण, तथा सभा सम्मेलन र समारोहका लागि भएका अग्रिम आरक्षण रद्द हुनु रहेको उल्लेख गर्नु भयो ।

चालु आर्थिक वर्ष २०७२/७३ मा कम्पनीको कार्यसम्पादनको सम्बन्धमा, चालु आर्थिक वर्ष २०७२/७३ को साढे पांच महिना जुलाई १७ देखी ३१ दिसम्बर २०१५ सम्मको वित्तिय अवस्थालाई विश्लेषण गर्दा कम्पनीको कुल आम्दानी गत वर्षको सोहि अवधीको तुलनामा २९.१७ प्रतिशतले घटेको छ । कम्पनीको गत आर्थिक वर्षको जुलाई १७ देखी ३१ दिसम्बर २०१४ सम्मको अवधीको कुल आम्दानी ७० करोड ९१ लाख ७४ हजारको दांजोमा चालु आर्थिक वर्ष २०७२/७३ को सोहि अवधीमा ५० करोड २३ लाख कुल आम्दानी भएको छ ।

यसैगरी, चालु आर्थिक वर्षको साढे पांच महिनाको अवधि अर्थात जुलाई १७ देखी ३१ दिसम्बर २०१५ सम्म कोठा अक्यूपेन्सि ४१.४० प्रतिशत, औषत कोठा दर ७ हजार ८ सय १ रुपैंयां तथा आम्दानी प्रति उपलब्ध कोठा ३ हजार २ सय ३० रुपैंयां रहेको छ ।

सन् २०१५ को पहिलो दश महिनामा अन्तर्राष्ट्रिय पर्यटक आगमन संख्यामा विश्वव्यापी रुपमा ४ प्रतिशतले वृद्धि भएको थियो जो उल्लेख्य रुपमा यूरोपीयन मुलुकहरु, अमेरिकन मुलुकहरु र मध्यपूर्वि देशमा भएको आर्थिक सुधार तथा पछिल्लो समयका वर्षहरुमा पर्यटक भ्रमणार्थिहरुको यात्रा प्रबृत्तिमा प्रवल सुदृढीकरण हुदै गएको कारणबाट पर्यटक आगमनमा महत्वपूर्ण बृद्धि सम्भव भएको हो । सन् २०१५ वर्षको जनवरी देखी अक्टूबर सम्मको दश महिनामा कुल १ अर्व १ करोड ४० लाख अन्तर्राष्ट्रिय यात्रु तथा पर्यटकहरु विश्वभरिका गन्तव्यहरुमा पुगेका छन्, सो संख्या सन् २०१४ वर्षको सोही अवधिको संख्या भन्दा ४ करोड ३० लाखले बढी हो ।

वर्ष सन् २०१५ को दश महिनाको महादेशीय मुलुकहरुको तथ्यांक केलाउदा अन्तर्राष्ट्रिय पर्यटक आगमन यूरोपीयन मुलुकहरु, अमेरिकन देशहरु, एशिया तथा प्रशान्त क्षेत्रका देशहरुको र मध्य पूर्वी देशहरुको पर्यटन सन्तोषजनक रुपले वृद्धि भएको देखिएको छ भने अफ्रीकी मुलुकहरुको अन्तर्राष्ट्रिय पर्यटक घटेको छ । त्यस्तै, ओसियानिय मुलुकहरु, दक्षिण पूर्वी एसिया र थाइल्याण्डको पर्यटक आगमन संख्या सबै भन्दा बढी रहेको र दक्षिण एसिया र उत्तर पूर्वि एशियाका देशहरुमा अन्तर्राष्ट्रिय पर्यटक आगमनको संख्यामा उत्साहजनक बृद्धि भएको छ ।

विश्वका प्रमुख पर्यटन भ्रमणमा निस्कने पर्यटक यात्रु श्रोत बजारहरु मध्ये चीनबाट पर्यटनका लागि बाहिर यात्रा गर्ने पर्यटकहरुको संख्या दोहोरो अंकले बढेको छ जसबाट जापान, थाइल्याण्ड, अमेरिका र यूरोपीयन मुलुकहरुका विभिन्न गन्तव्यहरु पूर्णरुपमा लाभान्वित भएका छन् । त्यसैप्रकारले, अन्य उदीयमान पर्यटकीय श्रोत बजारहरुमा भारत, दक्षिण अफ्रीका, र इजिप्टको पर्यटन पनि दोहोरो अंकले अभिबृद्धि भएको छ ।

सन् २०१५ को प्रारम्भिक चरणमा प्रकाशित संयुक्त राष्ट्रसंघ विश्व पर्यटन संगठनको पूर्वानुमान अनुसार अन्तर्राष्ट्रिय पर्यटक आगमनमा सन् २०१० देखि २०२० सम्मको अवधिमा प्रत्येक वर्षमा ३.८ प्रतिशतका दरले औषत वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

दक्षिण एसियाका सबै राष्ट्रहरुको आर्थिक वृद्धि दर सन् २०१५ मा ५.४ प्रतिशत र सन् २०१६ मा ५.७ प्रतिशत पुग्ने अपेक्षा गरिएको छ । सोहि अवधिमा यस क्षेत्रमा आर्थिक सुधारको गतिमा तीब्रता आउने, जसमा मुलतः भारत अग्रपक्तिमा रहेको छ ।

नेपालको अर्थतन्त्रले २०७२ साल वैशाख देखि पौष सम्म ९ महिनाको अवधिमा दूई ठुला व्यावधानहरु, २०७२ साल वैशाख १२ गतेको विनाशकारी भूकम्प, र तराई मधेशको अशान्ति सहित २०७२ असोज देखिको भारतको अघोषित नाकाबन्दी भोग्नु पऱ्यो । यस सन्दर्भमा वैशाख १२ गतेको विनाशकारी भूकम्पबाट पर्यटन उद्योगले विस्तारै सुधारोन्मुख रही बृद्धिको गति लिदै गरेको, सुधारका केही सुदृढ र ठोस संकेतहरु परिलक्षित हुदै गएको अवस्थामा मुलुकको तराई क्षेत्रमा २०७२ श्रावण २८ गते देखिको लगातारको बन्द हड्ताल, सिमानाका केन्द्रित अबरोध तथा असोज महीनाको पहिलो हप्ता देखिको भारतको अघोषित नाकाबन्दीले जनजीवन अत्यन्त कष्टकर बनाउनुका साथै पर्यटन उद्योगलाई ठुलो क्षति पुऱ्यायो ।

नाकाबन्दीले भूपरिवेष्टित राष्ट्र नेपालको समग्र अर्थतन्त्रलाई गतिहीन अवस्थामा पुऱ्याउनुका साथै समग्र औद्यौगीक क्षेत्रमा यसको दीर्घकालिन प्रतिकुल प्रभाव पारेको छ । त्यसैपनि, २०७२ साल वैशाख १२ गते देशमा आएको विनाशकारी भूकम्पबाट थलिएको पर्यटन उद्योगलाई देशको सिमा नाका अवरोधले पूर्णत शिथिल बनाएको छ ।

पर्यटन उद्योगका प्रमुख पूर्वाधारहरु यातायात, इन्धन, बिजुली, खाद्यान्न तथा पेय पदार्थ, बस्तु तथा सेवाहरु र यस्तै अन्य पर्यटकीय समाग्रीहरुको चरम अभावका कारण नेपालतर्फ अर्न्तराष्ट्रिय पर्यटक आगमन नाटकीय रुपमा घट्यो तथा पर्यटक आउने मुख्य मौसम अक्टूबर देखी जनवरी महिनामा प्राय अन्तर्राष्ट्रिय पर्यटकको नेपाल आगमन नगण्य रह्यो ।

भूकम्प पश्चात् शिथिल र जिर्ण अवस्थामा रहेको पर्यटन क्षेत्र तराई क्षेत्रमा रहेको लगातार बन्द हड्ताल र भारतको अघोषित नाकाबन्दीले नेपालका पर्यटकस्तरीय होटेलहरुको अकुपेन्सी दर अत्यन्त न्यून रह्यो, परिणामस्वरुप समग्रमा होटेलहरुको औषत अकुपेन्सी दर २० प्रतिशत भन्दा पनि कम रहेको अनुमान गरिएको छ । यो अवधिमा भारतीय र देश भित्रको आन्तरिक पर्यटन समेत लगभग ठप्प प्राय रह्यो । परिणामस्वरुप पर्यटन उद्योगको होटेल उपक्षेत्रको व्यावसायीक क्रियाकलाप न्यून एवं शिथिल अवस्थामा रहेको छ ।

समग्रमा, तराई भूभागमा विगत तीन महिना देखिको बन्द हड्ताल र विगत दुई महिना देखिको भारतको अघोषित नाकाबन्दीले चालू आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर बजेटको ६ प्रतिशत लक्ष्य प्राप्त नहुने परिदृश्य देखिएको छ । भारतको नाकाबन्दी लगायतका कारणले चालू आर्थिक वर्षको कुल ग्रार्हस्थ्य उत्पादनमा समेत अर्बौंको वास्तविक क्षति हुने अनुमान गरिएको छ ।

नेपालको अन्तर्राष्ट्रिय पर्यटक आगमन सख्यां सन्  २०१४ मा ७ लाख ९० हजार १ सय १८ रहेकोमा सन् २०१५ का शुरुका ३ महिनाको पर्यटक आगमन सामान्य रहेतापनि २०७२ बैशाख १२ गतेको महाभुकम्प पछि पर्यटन उद्योगमा तिब्र ह्रास आयो ।

भौतिक पुर्वाधारहरु, शान्ति र सुरक्षा पर्यटन उद्योगका लागि अति आवाश्यक पुर्वशर्त हुने गर्दछन् । पर्यटन, जलश्रोत र जनशक्ति समृद्ध र विकशित नेपालको परिकल्पनाका तिन सम्भाव्य मुल आर्थिक आधार स्तम्भ हुन र तिनको अत्यधिक दोहन

तथा उपभोग गर्दै समुचित र योजनाबद्धरुपमा विकास गर्दै गएमा पर्यटनले देशमा आर्थिक कान्ती ल्याउनमा महत्वपूर्ण भूमिका खेल्न सक्ने प्रचुर संभावना रहेको छ ।

हामीले हाम्रा देवतुल्य पर्यटक पाहुनाहरुको बस्तु तथा सेवाको गुणस्तर तथा सेवालाई अतुल्य र अविश्मरणीय सेवा प्रदान गर्ने प्रण सहित आगामी दिनहरुमा यस क्षेत्रमा आउन सक्ने तिब्र प्रतिस्पर्धाको लागि तयार रहने छौं र बढ्दो प्रतिस्पर्धालाई अर्थतन्त्रको व्यावसायीक चुनौतिकारुपमा आत्मसात् गरेका छौं ।

आगामी केही वर्ष भित्र काठमाण्डौं लगायत देशमा प्रचुर मात्रामा नयां र पुराना पांचतारे र चारतारे होटेलहरु विविध ब्राण्डका होटेलहरुको उपस्थितिले बसाई कोठाहरुको बृद्धिका साथै पर्‍याप्तमात्रामा पर्यटक पाहुनाहरुलाई नेपाल भित्र्याउन ठुलो कसरत र मेहनत गर्नुपर्ने अवस्था आउनेछ र त्यसको दोब्बर पर्यत्न आआफ्नो होटेलतर्फ पर्यटक आकर्षित गर्नका लागि होटेलका सेवा तथा सुबिधाहरुलाई आधुनिकीकरण गर्ने र प्रतिस्पर्धात्मक रणनितिक योजना तर्जूमा गर्नु पर्नेछ ।

महाभूकम्पका कारण विनाश भएका विश्व सम्पदास्थलको पुनर्निर्माण, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि जग्गा अधिग्रहण, गौतमबुद्ध क्षेत्रीय अन्तर्राष्ट्रिय बिमानस्थलको निर्माण कार्यको प्रारम्भ, र लुम्बिनी गूरु योजनालाई राष्ट्रिय गौरवको योजनाकोरुपमा घोषणा जस्ता पूर्वाधारको स्तरोन्नति सम्बन्धी सकारात्मक समाचारले पर्यटन उद्योगमा उत्साह प्रवर्द्धन गरेको छ । यसका अतिरिक्त एक मात्र अन्तर्राष्ट्रिय विमानस्थल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावन मार्ग विस्तार, तथा राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमले आन्तरीक तथा अन्तर्राष्ट्रिय उडानका लागि नयां विमान खरीद गर्ने महत्वपूर्ण काम कार्यवाहिले पर्यटनलाई प्रोत्साहित गर्दै उत्साह प्रवर्द्धन गरेको छ । साथै नेपाल सरकारले चिनीयां पर्यटकहरुलाई नेपाल गन्तब्यतर्फ आकर्षित गर्नका लागि प्रोत्साहन गर्ने उद्देश्यले भिसा शुल्क मिनाहा गरी फ्री भिसा जारी गर्ने घोषणा र चीन सरकारले नेपाल तर्फ पर्यटन गर्न आउन खुल्ला गर्ने निर्णयले पनि पर्यटनलाई थप प्रोत्साहन गर्ने अपेक्षा लिईएको छ ।

कम्पनीले व्यावसायिक रणनितिक योजना, सुदृढ, शसक्त र प्रभावकारी बजार व्यावस्थापनबाट आफ्नो बजार खण्डको अभिबृद्धि गर्दै जाने, प्रभावशाली व्यावसायिक कार्यप्रणालीको माध्यमबाट पर्यटन क्षेत्रका बाह्य विषम परिस्थितिहरुको प्रभाव न्यूनीकरण गर्दै, सुदृढ र सक्षम व्यवस्थापनबाट होटेलका उत्पादन तथा सेवाहरुको स्तरोन्नति गर्ने तथा यस क्षेत्रमा सृजना हुने पर्याप्त अवसरहरुको समुचित सदुपयोग गर्दै कुशल प्रबन्धनको आफ्नो **प्रयासलाई** निरन्तर गतिशिल बनाउने क्रियाकलाप जारी राख्नेछ । त्यसैगरी विनाशकारी महा भुकम्प र नाकाबन्दिको बर्तमान असहज परिस्थितिमा कम्पनीले अधिकतम मितव्ययीता अपनाउदै खर्चहरुमा सुक्ष्म निगरानी र नियन्त्रण निति लिदै कुशलतापूर्वक विद्यमान तथा भविश्यमा आई पर्ने कुनै पनि संकटको कुशलतापूर्वक प्रबन्धन समेत गरी रहेको र गर्दै जानेछ ।

साथै, सबै स्तरवृद्धि गर्ने परियोजनाहरुको कार्यान्वियन आवश्यकता र प्राथमिकता अनुसार होटेल संचालनमा कुनै व्यवधान उत्पन्न नपुग्ने गरी सुसम्पन्न गर्दै जाने कम्पनीको पुर्ननिर्माण कार्ययोजना समेत कुशलतापूर्वक व्यवस्थापन भई रहेको छ ।

कम्पनीको पूर्णतः स्वाधिकृत सहायक कम्पनी सोल्टी हस्पिटालिटि लिमिटेड मार्फत लगानी भएको कम्पनी सोल्टी शिवक्रिम होटल्स तथा रिसोर्टस प्रा. लि. ले नेपालगञ्जमा चार तारे होटेल निर्माणको कार्य गरी रहेको छ । बिगत केहि महिना देखी

मुलुकले भोगी रहेको असहज परिस्थितिका कारण निर्माणकार्य प्रभावित भएकोले सो परियोजना लक्ष्य भन्दा केही ढिलो गरी आगामी वर्ष सन् २०१७ अप्रील सम्ममा सुसम्पन्न हुन सक्ने सम्भावना रहेको सभालाई जानकारी गराउनु भयो ।

समिक्षा आर्थिक वर्ष २०७१/७२ मा कम्पनीले हिमाल इन्टरनेशनल पावर कर्प प्राइभेट लिमिटेड मार्फत जलविद्युत उत्पादन गर्ने कम्पनी भोटेकोशी पावर कम्पनी प्राइभेट लिमिटेडमा गरेको लगानीको सम्बन्धमा उक्त कम्पनीले समिक्षा आर्थिक वर्ष २०७१/७२ मा दुई प्रभावशाली प्राकृतिक भवितव्य, भोटेकोशी नदी किनारामा रहेको जुरेपर्वतको भूस्खलन र २०७२ साल बैशाख १२ गतेको महाभुकम्पबाट विद्युत उत्पादन पूर्णरुपमा प्रभावित भएको उल्लेख गरेकोछ । विनाशकारी पैरोका कारण विद्युत उत्पादन अवरुद्ध भएको र उक्त क्षेत्रका क्षतिग्रस्त विद्युत प्रसारण टावरहरुको पुर्ननिर्माण गर्ने क्रममा उत्पन्न विवादको कारण लगभग छ महिना भोटेकोशीबाट विद्युत उत्पादन अवरुद्ध भएको जानकारी गराएको छ । कम्पनीका अनुसार क्षतिग्रस्त संरचनाहरुको पुर्ननिर्माण गर्ने कार्ययोजना अनुसार कम्पनीको जुलाई २०१६ देखि मात्र पुर्णरुपमा विद्युत उत्पादन कार्य संचालनमा आउने अनुमान गरेको जनाएको छ, जसबाट कम्पनीको आगामी वर्षको लाभांश आम्दानी प्रभावित हुन सक्ने देखिएको उल्लेख गर्नुभयो ।

कम्पनीको संचालक समितिले आर्थिक वर्ष २०७१/७२ को मुनाफाबाट शेयरधनी महानुभावहरुलाई लिन मञ्जुर तथा चुक्ता पूँजीको ६.५७८९४७३७ प्रतिशतका दरले नगद लाभांश प्रदान गर्ने र लिन मञ्जुर तथा चुक्ता पूँजीको २५ प्रतिशतका दरले बोनस शेयर वितरण गर्ने प्रस्ताव गरेको जानकारी गराउंनु हुंदै समग्रमा, शेयरधनी महानुभावहरुले लगभग ३१.५८ प्रतिशतका दरले लगानीको प्रतिफल प्राप्त गर्नु हुने जानकारी सभालाई गराउनु भयो ।

कम्पनीको व्यावस्थापन, कर्मचारीहरु र तत्सम्बन्धी कर्मचारी संगठनहरु बीच अत्यन्त सुमधुर र सौहार्दपूर्ण सम्बन्ध रहेको र कम्पनी यसका सम्पूर्ण कर्मचारीहरुको निपुर्णता, कार्यदक्षता, कार्यक्षमता र लगनशिलता प्रति पूर्ण विश्वस्त रहेको उल्लेख गर्नुभयो ।

होटेलका व्यावस्थापक हलिडे इन्स (चाईना) लिमिटेड, हङ्गकङ्ग र इन्टरकन्टीनेन्टल होटेल्स ग्रुप तथा त्यसका उच्च पदस्त पदाधिकारीहरु वीच कम्पनीको अत्यन्त राम्रो, न्यानो, आत्मिय, सौहार्दपूर्ण र सुमधुर सम्बन्ध रहेको उल्लेख गर्नु हुंदै होटेलका व्यवस्थापक हलिडे इन्स (चाईना) लिमिटेड, हङ्गकङ्ग र इन्टरकन्टीनेन्टल होटेल्स ग्रुप तथा त्यसका उच्च पदस्त पदाधिकारीहरुलाई कुशल व्यावस्थापन र कार्यसम्पादन सहित उच्च स्तरको सहकार्य प्रति संचालक समिति अभार व्यक्त गर्दछ र भविश्यमा पनि यसको निरन्तरता रहने अपेक्षा गर्दछ भन्नु भयो ।

सोल्टी परिवारका सम्पूर्ण कर्मचारीहरुको उच्चस्तरको प्रतिवद्धता, समझदारी र व्यावस्थापन तथा कामदार कर्मचारीहरु बीचको सहकार्य, समन्वय एवं समर्थनको सराहना तथा प्रशंसा गर्दै कम्पनीको उन्नतीमा अरु थप हौसला तथा उच्च स्तरको सहयोग मिल्ने कुरा प्रति संचालक समिति विश्वस्त रहेको उल्लेख गर्नु भयो ।

सभापतिज्यूले शेयरधनी महानुभावहरुबाट कम्पनीलाई प्राप्त भएको अमूल्य सुझाव र सल्लाह प्रति कृतज्ञता ज्ञापन गर्दै शेयरधनी महानुभावहरुले कम्पनीको संचालक समिति र व्यावस्थापन प्रति देखाउनु भएको असिम विश्वास एवं भरोसा प्रति हृदय देखिनै धन्यवाद एवं आभार प्रकट गर्नुभयो ।

कम्पनीलाई निरंतर सहयोग र संरक्षण प्रदान गर्नुहुने सम्पूर्ण स्वदेशी तथा विदेशी पाहुनाहरु, हामीलाई पाहुना उपलब्ध गराउनुहुने ट्राभल एजेन्सीहरु, एयरलाईन्सहरु, अन्य एजेन्सीहरु, हाम्रो परिकल्पना, योजना र आवश्यकता अनुरुप आधारभूत संरचनालाई साकार र सुनियोजित पार्नुहुने परियोजना परामर्शदाताहरु, आधारभूत संरचनालाई मूर्तरुप दिदै आवश्यकता अनुसार सेवा उपलब्ध गराउनुहुने संरचना निर्माणकर्ताहरु, आपूर्तिकर्ताहरु, बैंक तथा वित्तीय संस्थाहरु, कानूनी सल्लाहकारहरु र परामर्शदाताहरु तथा अन्य सेवा प्रदायकहरुलाई संचालक समिति हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्नुभयो ।

अन्त्यमा सभाका सभापति एवं कार्यकारी अध्यक्षज्यूले, नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मंत्रालय तथा पर्यटन विभाग, उद्योग मन्त्रालय र कम्पनी रजिष्ट्रारको कार्यालय तथा उद्योग विभाग, नेपाल राष्ट्र बैंक, नेपाल स्टक एक्सचेंज लिमिटेड, नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लियरिंग लिमिटेड एवं अन्य सरकारी तथा नियमक निकायहरुबाट प्राप्त सहयोग, मार्गदर्शन र सम्पूर्ण कर्मचारीहरुले आफ्नो समर्पित सेवाबाट कम्पनीलाई पुऱ्याउदै आउनु भएको निरन्तर महत्वपूर्ण योगदानका लागि आभार एवं धन्यवाद व्यक्त गर्नुभयो ।

## १० वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुति

### (क) सामान्य प्रस्ताव

सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूको मन्तब्य पश्चात् उहाँले पूर्व निर्धारित छलफलको विषय सूची अनुसार संचालक समितिको तर्फबाट शेयरधनी महानुभावहरुको सभा समक्ष छलफलको लागि निम्नलिखित प्रस्तावहरु प्रस्तुत गर्नुभयो:–

**१. निर्धारित छलफलको विषय सूची नम्बर (क) १ को प्रस्ताव**

**संचालक समितिको आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) को वार्षिक प्रतिवेदन पारित गर्ने ।**

सभापतिज्यूले पूर्व निर्धारित छलफलको बिषय सूची (क) १ अनुसार आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) को **संचालक समितिको वार्षिक प्रतिवेदन** संचालक समितिको तर्फबाट छलफलको निम्ति सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**२. निर्धारित छलफलको विषय सूची नम्बर (क) २ को प्रस्ताव**

**लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) को वार्षिक आर्थिक विवरणहरु (हिसाव किताव) २०७२ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आम्दानी विवरण (नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन उपर छलफल गरी पारित गर्ने ।**

सभापतिज्यूले सभा समक्ष लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) को **वार्षिक आर्थिक विवरणहरु** (हिसाव किताव) २०७२ आषाढ मसान्तको **वासलात,** सोही मितिमा समाप्त भएको **आम्दानी विवरण** (नाफा नोक्सान हिसाब), **नगद प्रवाह विवरण** तथा **ईक्वीटीमा भएको परिवर्तन** र तत्सम्बन्धी अनुसूचिहरु सहितका आर्थिक विवरणहरु छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

छलफलको विषय सूची अनुसार सभाको कार्यबाही अगाडि बढाउन आग्रह गर्दै उपरोक्त निर्धारित छलफलको विषय सूची नम्बर (क) १ र २ का छलफलका विषयको दुबै प्रस्तावहरु आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) का सहःअस्तित्वका वार्षिक प्रतिवेदन र आर्थिक विवरणहरु भएकोले यी दुबै विषयहरुलाई एकै साथ संगसंगै छलफल गर्ने प्रस्ताव राख्दै आवश्यक छलफल तथा विचार विमर्शको निम्ति उपस्थित शेयरधनी महानुभावहरुलाई आह्वान गर्नुभयो ।

## ११ छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

कम्पनीको आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) को संचालक समितिको वार्षिक प्रतिवेदन, २०७२ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) को आम्दानी विवरण (नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन र तत्सम्बन्धी अनुसूचिहरु सहितका आर्थिक विवरणहरु उपर सभामा उपस्थित शेयरधनी महानुभावहरु समक्ष आ-आफ्ना मन्तब्य, जिज्ञासा एवं सुझावहरु भए व्यक्त गर्न सभापतिज्यूले अनुरोध गर्नुभयो ।

तत्पश्चात् सभामा देहायका शेयरधनी महानुभावहरुले छलफलको क्रममा प्रत्यक्ष सहभागी हुंदै आ–आफ्ना मन्तब्य, जिज्ञासा, प्रश्न एवं सुझावहरु व्यक्त गर्नुभएको थियो । त्यसपछि, कम्पनीका कार्यकारी अध्यक्ष तथा सभाका सभापतिज्यूले समग्र एवं सामुहिक रुपमा प्रत्युत्तर दिनुभएको थियो ।

### छलफलमा विचार प्रकट गर्नुहुने शेयरधनी महानुभावहरु

छलफलमा सहभागी भई आ-आफ्ना मन्तब्य, जिज्ञासा, प्रश्न एवं सुझावहरु व्यक्त गर्नुहुने शेयरधनी महानुभावहरुको विवरण सहितको नामावली तपसिल बमोजिम रहेकोछ :–

| क्रम सख्या | शेयरधनी नम्बर / हितग्राही खाता नम्बर | बक्ता शेयरधनीको नाम | धारण गरेको शेयर संख्या (प्रति शेयर रु. १० का दरको) |
|---|---|---|---|
| १ | १३०१२३००००००९३९० | श्री वैजुनाथ रौनियार | ४४४ |
| २ | २७४६ | श्री दशरथ रिसाल | ४,७५४ |
| ३ | १३०१११००००००१९७१० | श्री उत्तम पाठक | १०० |
| ४ | ६२० | श्री द्वारिकामान सिंह प्रधान | ४,३०६ |
| ५ | १६१५ | श्री कुबेर श्रेष्ठ | ६४५ |
| ६ | १३०१३६०००००००२११० | श्री जयन्द्र मान सिंह बानिया | ७०० |

**१२ छलफलको क्रममा सहभागी शेयरधनी महानुभावहरुले सामुहिक रुपमा व्यक्त गर्नुभएको सुझाव, सराहना र मन्तव्य**

१. मन्तव्य प्रकट गर्ने क्रममा वक्ता शेयरधनी महानुभावहरुले कम्पनीले आफ्ना शेयरधनीहरुलाई ६.५७८९४७३७ **प्रतिशत नगद लाभांश र २५ प्रतिशत बोनस शेयर** दिने प्रस्ताव गरेकोमा धन्यवाद दिनुभयो ।

२. मन्तव्य प्रकट गर्ने क्रममा वक्ता शेयरधनी महानुभावहरुले सोल्टी होटेलले यो वर्ष गत **आर्थिक वर्ष २०७०/७१** मा होटेल व्यवसाय मध्येबाट **सबै भन्दा बढी आयकर दाखिला गर्ने होटेल**को रुपमा सम्मानित भई **सम्मानपत्र** प्राप्त गरेकोमा कम्पनीका संचालक समिति, व्यवस्थापन समुह, होटेलका सम्पुर्ण कर्मचारीहरु एवं सम्वन्धित सवैलाई हार्दिक बधाई एवं धन्यवाद दिनुभयो ।

**१३ छलफलको क्रममा व्यक्त गरिएका मन्तव्य, प्रश्न र सुझावहरुको प्रस्तुतीकरण**

छलफलको क्रममा सहभागी बक्ता शेयरधनी महानुभावहरुले बुंदागत रुपमा निम्नलिखित मन्तव्य, जिज्ञांशा, एवं सुझावहरु सभा समक्ष व्यक्त गर्नुभएको थियोः–

**१. श्री वैजुनाथ रौनियार**

१.१ सोल्टी होटेलले निरन्तररुपमा नगद लाभांश र बोनस शेयर दिदै आएको छ । यस वर्ष पनि कम्पनीका शेयरधनीहरुलाई ६.५८ **प्रतिशत नगद लाभांश र २५ प्रतिशत बोनस शेयर** दिने प्रस्ताव सराहनीय र प्रशंसनीय छ भन्दै अर्को आर्थिक वर्ष यो भन्दा बढी प्रतिफल प्रदान गर्नु हुनेछ भन्ने अपेक्षा गरेका छौं भन्नु भयो ।

१.२ कम्पनीका **सहायक कम्पनीहरु** श्री एच आई सोल्टी होटेल कम्पनी प्राईभेट लिमिटेड, तथा श्री सोल्टी हस्पिटालिटी लिमिटेडको आर्थिक विवरणहरु सम्प्रेसित वार्षिक प्रतिवेदनमा समावेश गरिएको र ति विवरणहरुको विश्लेषण गर्दा सहायक कम्पनीहरुले पनि आफ्नो व्यावसायिक गतिविधिहरु राम्रै सञ्चालन गरेको हुंदा **प्रगति प्रतिबिम्बित** भएको छ ।

१.३ कम्पनीले अघिल्लो आर्थिक वर्षको खुद मुनाफाको तुलनामा समीक्षा आर्थिक वर्षमा **९.७९** प्रतिशतले ह्रास आएको उल्लेख गरेतापनि समीक्षा आर्थिक वर्षको कुल आम्दानी रु. **१** अर्व ४४ करोड गरेको छ जसलाई विविध प्रतिकुल परिस्थितिका वावजुद पनि कम्पनीले गरेको कुशल व्यवस्थापनको परिणाम मान्न सकिन्छ ।

१.४ कम्पनीले **नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभागबाट** आर्थिक वर्ष २०७०/०७१ मा होटेलहरु तर्फ सबैभन्दा बढी आयकर दाखिला गरेवापत सम्माननीय अर्थमन्त्रीबाट कदर र सम्मान स्वरुप **'सर्वाधिक आयकर दाखिला गर्ने होटल सम्मान–पत्र'** तथा **ट्रिप एडभाईजरबाट** अतिथि पाहुनाहरुलाई उत्कृष्ट सेवा प्रदान गरे वापत होटेललाई प्रदान गरिने **"उत्कृष्टताको प्रमाणपत्र ट्रिप एडभाईजर हल अफ फेम अवार्ड २०१५"** पुरस्कार प्राप्त गरेकोमा अत्यन्त प्रशन्नता व्यक्त गर्दै आर्दिक बधाई दिनु भयो ।

१.५ महाभूकम्पका कारण क्षतिग्रस्त भएको कम्पनीका भौतिक संरचनाहरुको पुनर्निर्माण, प्रीतिभोज समारोह आयोजन गर्न सकिने सुविधा सहितको प्यागोडा शैलीको स्टील ट्रसको खुला हलको निर्माण, कोठा स्तरोन्नती आदि होटेलका उत्पादन र सेवाको स्तरोन्नति गरेको उल्लेख गरेको छ जसबाट आगामी वर्षहरुमा राम्रो प्रतिफलको अपेक्षा गर्न सकिन्छ ।

१.६ सोल्टी शिवक्रिम होटेल्स् तथा रिसोर्टस् प्रा. लि. ले नेपालगंज र पोखरामा होटल निर्माण र संचालन गर्नका लागि लगानी गरेको तथा नेपालगञ्जमा होटेल र्निमाणको कार्यप्रगति भई रहेको उल्लेख छ यसबाट उक्त कम्पनीले राम्रो प्रगति गरेको स्पष्ट हुन्छ अत: छिटो प्रतिफल पाउने आशा गरेका छौं ।

१.७ मोहियानी जग्गा दर्ता सम्बन्धि कार्य सम्पादन छिटो गर्नु पऱ्यो । साथै यसैसंग सम्बन्धित जिल्ला अदालतमा चलि रहेको मुद्दा के कस्तो अवस्थामा छ भन्ने जिज्ञाशा राख्नु भयो ।

१.८ कम्पनीका महत्वपूर्ण कार्यहरुलाई संचालक समितिबाट उप समिति गठन गरी कुशलतापूर्वक सुसम्पन्न गर्ने परिपाटी अत्यन्त प्रसंशनिय तथा उच्चकोटीको कार्य हो यसबाट कम्पनीको साख र ख्याति अरु बढने छ, । यो अत्यन्त राम्रो कार्य भएको छ ।

१.९ पुराना प्राप्तहुन बांकी असामीहरुको असूलीका लागि कम्पनीको व्यवस्थापनले सबै सम्भव कार्यवाहीहरु गरि रहेकोछ र पुराना प्राप्तहुन बांकी असामीहरुको असुली संतोषजनक रहेको प्रतिवेदन लेखापरीक्षण समितिले दिएको सन्दर्भ अत्यन्त राम्रो कुराहो ।

१.१० कम्पनीको सम्मानित श्री सर्वोच्च अदालतमा चलिरहेको श्री नेपाल रिक्रिएसन सेन्टरसंगको मुद्दा, र श्री राजस्व न्यायाधीकरणमा पुनरावलोकनको लागि कम्पनीले दायर गरेको निवेदनको सम्बन्धमा के कसो भई रहेकोछ भनी जिज्ञाशा राख्नु भयो ।

१.११ शेयरधनीहरुले बुझिलिन बाँकी रहेको दावि नगरिएको लाभांशको रकमलाई कसरी सकिन्छ सम्बन्धीत सबै शेयरधनीहरुलाई यथाशिध्र भुक्तानी गर्ने तर्फ ध्यानाकर्षण गराउनु भयो ।

१.१२ कम्पनीको जारी पूंजी रुपैयां पचास करोडबाट बृद्धि गरी रुपैयां पचहत्तर करोड पुऱ्याउने बिशेष प्रस्ताव स्वागत योग्य रहेको र सकेसम्म कम्पनीको पूंजी बृद्धि गर्दै जानु राम्रो हुन्छ भन्ने सुझाव दिनु भयो ।

१.१३ संचालक समितिको प्रतिवेदनमा लेखापरीक्षण प्रतिवेदनमा लेखापरीक्षकहरुबाट कुनै पनि कैफियत उल्लेख नगरिएको सन्दर्भ अत्यन्त राम्रो कुरा भएको उल्लेख गर्दै कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो ।

## २. श्री दशरथ रिसाल

२.१ कम्पनीले रोज गार्डेनमा ठुलो प्यागोडा शैलीको स्टील ट्रसको प्रीतिभोज समारोह आयोजन गर्न सकिने सुविधा सहितको खुला हलको निर्माण गरेको सन्दर्भ अत्यन्त राम्रो र प्रशंसनीय कार्य रहेको छ ।

२.२ चार्टर्ड एकाउण्टेण्टस्हरुले अन्य व्यावसायीहरुले जस्तै न्यूनतम लेखापरीक्षण शुल्क निर्धारण गरी तोकेका छन त्यस सम्बन्धमा कम्पनीले केही पहल गर्नु पऱ्यो ।

२.३ होटेलको कोठा दर बढाउने तर्फ ध्यान दिनु पर्‍यो भन्दै होटेलका कम्तीमा पनि दूई तीन तल्लालाई हेरिटेज होटेलको रुपमा विकास निर्माण गर्ने तर्फ ध्यानाकर्षण गराउंनु भयो । त्यसो गरेमा कोठा दर बढाउन कुनै समस्या नहुने उल्लेख गर्नु भयो ।

२.४ होटेलका भवनहरुमा रहेका पुराना गजूरहरुको सरसफाई गर्ने तथा ईन्टरनेटमा राखिएको कोठा दरलाई अपडेट गर्ने तर्फ होटेल व्यावस्थापनको ध्यानाकर्षण गराउनु भयो ।

२.५ अग्रेजी नयां वर्षको पूर्व सन्ध्यामा होटेलमा आयोजित नयां वर्षको स्वागत समारोहबाट होटललाई राम्रो आम्दानी भएकोमा यसको श्रेय पुराना र कर्मठ कर्मचारीहरुलाई जाने हुंदा उनिहरुलाई हार्दिक धन्यवाद दिनु पर्दछ । त्यसै गरी वर्तमान असहज तथा प्रतिकुल परिस्थितिमा पनि क्यासिनो माफ्रोंगबाट प्राप्त व्यावसायले होटेललाई ठुलो टेवा पुगेकोले उक्त क्यासिनो धन्यवादको पात्र रहेको उल्लेख गर्दै सो क्यासिनोलाई हार्दिक धन्यवाद दिनु पर्दछ भन्नु भयो ।

२.६ कम्पनीको नेपालगंज, पोखरा र लुम्बिनीमा होटेल खोल्ने निर्णय अत्यन्त राम्रो हो ।

२.७ कम्पनीका शेयरधनीहरुलाई **६.५८ प्रतिशत नगद लाभांश र २५ प्रतिशत बोनस शेयर** दिने प्रस्ताव सराहनीय र प्रशंसनीय छ ।

**३. श्री उत्तम पाठक**

३.१ कम्पनीको वार्षिक प्रतिवेदनलाई विश्लेषण गर्दा धेरै कुरा राम्रो पाएका छौं भन्नु हुदै वार्षिक प्रतिवेदन समयमा पाउन सकिएन, यसलाई कम्पनीको वेबसाईटमा राख्ने व्यावस्था मिलाउन समेत आग्रह गर्नु भयो ।

३.२ देशमा गएको विनाशकारी महाभूकम्प र राजनीतिक अस्थिर अवस्था, दक्षिणी तराई क्षेत्रमा भएको आर्थिक नाकाबन्दी बाट सिर्जित अस्थिरता, अन्यौल र मालसामान वस्तुहरुको अवरोध र चरम अभावले पर्यटकीय गतिविधिहरुमा गम्भीर असर पारेको अवस्था, अक्यूपेन्सी घटेको, अन्य आम्दानीमा कमी आएको भएतापनि होटेलले बिक्रीबाट उल्लेख्य आम्दानी आर्जन गरी राम्रो प्रगती गरेको देखिन्छ ।

३.३ पर्यटन, जलविद्यूत तथा अन्य परियोजनाहरुमा लगानी विविधिकरण गरेर प्रतिफल सुनिश्चित गर्न सकिन्छ ।

३.४ कम्पनीको चुक्ता पूंजी रु. ४२ करोड नाग्दै जांदा शेयरधनीहरुको शेयर पूंजिकोषको प्रतिफल, प्रति शेयर आम्दानी, प्रति शेयर नेटवर्थ विगत वर्षको तुलनामा घटेको भएतापनि शेयरधनीहरुलाई **६.५८ प्रतिशत नगद लाभांश र २५ प्रतिशत बोनस शेयर** प्रदान गरेपछि पनि संचित नाफा बढेको देखिन्छ यो राम्रो पक्ष हो ।

३.५ कम्पनीले आफ्ना लगानीकर्ताहरुलाई कमोबेश निरन्तर प्रतिफल दिईनै रहेको छ र यो अत्यन्त राम्रो पक्ष हो भन्दै समयमै वार्षिक प्रतिवेदन पुर्‍याउन अनुरोध गर्नु हुदै कम्पनीको उत्तरोत्तर प्रगति एवं उन्नतीको कामना गर्नु भयो ।

**४. श्री द्वारिकामान सिंह प्रधान**

४.१ सोल्टी होटल लि. पांचतारे होटेल राष्ट्रको गौरब रहेकोछ । यस कम्पनीले वर्तमान असहज र प्रतिकुल बातावरणमा पनि सन्तोषजनक र मनन योग्य प्रतिफल दिने प्रास्ताव गरेकोमा कम्पनीको संचालक समिति, व्यावस्थापन समुह र होटेलका कर्मचारीहरुको प्रयास र प्रयत्नलाई स्वागत तथा हार्दिक धन्यवाद दिनका लागि सबै उपस्थित शेयरधनी

महानुभावहरुलाई करतल तालिबजाएर स्वागत गर्न अनुरोध गर्नु भएकोमा सभाले तालीको गडगडाहटले स्वागत तथा धन्यवाद प्रदान गऱ्यो ।

४.२ सम्प्रेषित कम्पनीको वार्षिक प्रतिवेदन धेरै ठांउका संस्थाहरुको वार्षिक प्रतिवेदन भन्दा उच्चतम पारदर्शि, पूर्णरुपले सन्तोषी शेयरधनीले गौरब गर्ने योग्य रहेको छ । वार्षिक प्रतिवेदनले हामीलाई यस संस्थाको शेयरधनी हौं भनेर गौरब जाहेर गर्ने मौका दिएको अनुभुति भएको छ ।

४.३ देशमा महा भुकम्पको दैवी प्रकोपका कारण राष्ट्रले कष्ट भोल्नु परेकोछ लाखौं जनता दुःख र पिरमर्कामा छन यस्तो महा विपत्तिको समयमा सोल्टी होटेलले सबैको घर बनाउन सहयोग गर्न नसकेतापनि योग्य, सुशिक्षित सन्तति निर्माण गर्ने थलो स्कूलहरु महाभुकम्पबाट भत्किएकोले यस होटेलले विद्यालय भवन निर्माण गरीदिनु राम्रो हुने सुझाव दिदै **सोल्टी होटेल द्वारा निर्मित विद्यालय** भनी निर्माण गरिदिएमा यस कम्पनीको गौरब र प्रतिष्ठा अझ उचाईमा पुग्नुका साथै गरीब दीन दुखिहरुको आर्शिवाद तथा सत्कर्मबाट यस कम्पनीको प्रतिफलमा अभिवृद्धि हुनेछ भन्दै शेयरधनीहरुले प्राप्त गरेको प्रतिफलबाट समेत २ प्रतिशत काटेर अथवा अर्को कुनै प्रावधानबाट यस किसिमको सेवा प्रदान गर्ने तर्फ कम्पनीको ध्यानाकर्षण गराउनु भयो । यस किसिमको सेवा गरेको कुरा अर्को वार्षिक प्रतिवेदनमा समावेश होस् भन्ने अभिलाषा समेत व्यक्त गर्नु भयो ।

४.४ श्री द्वारिकामान सिंह प्रधानले अन्त्यमा सोल्टी होटेल लिमिटेडलेको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नु भयो ।

## ५. श्री कुबेर श्रेष्ठ

५.१ आर्थिक वर्ष २०७१/७२ को मुनाफाबाट शेयरधनीहरुलाई ६.५७८९४७३७ **प्रतिशत नगद लाभांश र २५ प्रतिशत बोनस शेयर** दिने प्रास्ताव गर्नु भएको छ । शेयरधनीहरुका लागि **बोनस शेयर** महत्वपूर्ण किन पनि रहेकोछ भने यो कम्पनीले गतवर्ष दिएको बोनस शेयर सहितको जम्मा योगमा दिईने हुंदा यसबाट कम्पनीका शेयरधनीहरुलाई दोब्बर तेब्बर सम्मिश्रणरुपमा चक्रबृद्धि दरले लाभ मिल्ने गर्दछ । अर्को शब्दमा बोनस शेयरको प्रभाव अमेरिकी लेखक वारेन बफेटले भनेजस्तै **स्नोबल इफेक्टले** बढदै जाने गर्दछ त्यसैले कम्पनीका अध्यक्षज्यू, संचालक समिति, व्यावस्थापन समुह र यसका कर्मठ मेहनती कर्मचारीवर्ग सबैलाई सबै शेयरधनीहरुको तर्फबाट मुरी मुरी हार्दिक धन्यवाद ।

५.२ समीक्षा आर्थिक वर्षमा होटेलले १ अर्ब ४४ करोड कुल आम्दानी गरेर २२ करोड मुनाफा आर्जन गरेको छ । होटेलले सारै राम्रो कार्यसम्पादन गरिरहेको छ अतः सबै शेयरधनी खुशी छन् । सम्प्रेषित कम्पनीको वार्षिक प्रतिवेदनमा धेरै राम्रा उपलब्धिहरु पाएका छौं । आगामी वर्ष पनि यसलाई जारी राख्दै अहिलेको भन्दा बढी प्रतिफल दिन सफलता मिलोस् ।

५.३ कम्पनीले पूंजी बृद्धि गर्ने प्रस्ताव गरेकोबाट पनि कम्पनीको प्रगति भई रहेको संकेत गर्दछ र यसबाट आगामी वर्ष पनि शेयरधनीहरुले राम्रो प्रतिफल पाउन सक्ने अपेक्षा गर्न सकिन्छ ।

५.४ कम्पनीले वर्तमान प्रतिकुल परिस्थितिमा पनि राम्रो कार्यसम्पादन गरिरहेको प्रतिवेदनबाट झल्किएको छ । देशको समयकाल र अवस्था सबैकुरामा सुधार आएमा यसले पक्कै पनि अरु राम्रो गर्नेछ भन्नेमा सबै शेयरधनीहरु ढुक्क भए हुन्छ ।

५.५ संयुक्त राज्य बेलायत आधारित विश्वको भ्रमण यात्रा सम्बन्धी प्रमुख नेतृत्वदायी एउटा प्रकाशन **रफ गाइड** पत्रिकाले नेपाललाई विदा मनाउन यात्रा गर्नै पर्ने विश्वका दश गन्तव्यहरु मध्येमा पहिलो गन्तव्यको रुपमा प्रकाशित गरेको छ यसले नेपालको पर्यटनलाई निश्चितरुपमा सघाउने र पर्यटकलाई नेपाल तर्फ आकर्षित गर्ने छ । मेहनत गरे यस होटेलले राम्रो कार्यसम्पादन गर्न सक्ने देखिएकोछ ।

५.६ कम्पनीको व्यवस्थापन तथा कर्मचारीहरु बीचको सम्बन्ध ज्यादै सुमधुर सौहार्दपूर्ण र उत्कृष्ट रहेको, होटेल व्यवस्थापन र कर्मचारीहरु दुबैबाट अत्यन्त सौहार्दपूर्ण वातावरणमा सामुहिकरुपमा होटेलको लक्ष्य प्राप्तीका लागि एकजुट भई परस्पर सहकार्यबाट कार्यसम्पादन भएको प्रतिवेदनमा उल्लेख गरेको पाउंदा खुशी लागेको छ र यसलाई सदैव कायम राख्नुहोला ।

५.७ कम्पनीले कर्मचारी स्वैच्छिक अवकास योजनालाई व्यवस्थापनले सफलतापूर्वक कार्यान्वयन गरको उल्लेख गरेको छ । यो राम्रो कार्य हो यसलाई निरन्तरता दिनुहोला ।

५.८ कम्पनीको दिर्घकालिन ऋण मात्र रु. ८७ लाख रहेको छ यसले कम्पनीको सबल पक्ष जाहेर गर्दछ ।

५.९ कम्पनीले **नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभागबाट** आर्थिक वर्ष २०७०/०७१ मा होटेलहरुतर्फ सबैभन्दा बढी आयकर दाखिला गरेवापत कदर र सम्मान स्वरुप **'सर्वाधिक आयकर दाखिला गर्ने होटल सम्मान–पत्र'** पाएको हार्दिक बधाई ।

५.१० अदालतमा चलिरहेको मोहियानी सम्बन्धी मुद्दाको अवस्था कस्तो छ र यो कहिले सम्म टुंगिने हो । शेयरधनीहरुले बुझिलिन बाँकी रहेको दावि नगरिएको लाभांशको रकमलाई यथासक्य छिटो बितरण गर्नु पर्‍यो । कम्पनीले बक्यौता रकम असुलीको सम्बन्धमा केकस्तो योजना बनाएको छ भन्ने बिषयमा जिज्ञाशा राख्नु भयो ।

५.११ कम्पनीको सहायक कम्पनी मार्फत सोल्टी शिवक्रिम होटेल्स् तथा रिसोर्टस् प्रा. लि.ले नेपालगंज, र पोखरामा होटेल निर्माणको लागि के कति रकम खर्च गरी रहेको छ र यसबाट भविश्यमा केकति प्रतिफल अपेक्षित छ भन्ने बिषयमा चासो ब्यक्त गर्नु भयो ।

५.१२ कम्पनीको वार्षिक प्रतिवेदनमा होटेलको इतिहास झल्कने खालको भुमिका शुरुमै राख्नु पर्‍यो । जसबाट यस होटेलको शुभारम्भ हुदाको अवस्थाको स्मरण गर्दै गर्व र गौरवको अनुभूति गर्न सकियोस् । यस होटेलमा सदैव अतिविशिष्ट पाहुनाहरुको बसाई हुने गर्दछ अत: शुभारम्मको बेला देखी हाल सम्म बस्नुहुने अतिविशिष्ट पाहुना हरुको दूई चार लाईनमा एक झलक परस्तुत गर्न अग्रह गर्नु भयो ।

५.१३ कम्पनीको तर्फबाट होटेलका कर्मचारीहरुलाई पुरस्कार तथा सम्मानको व्यावस्था गर्नु पर्‍यो भन्दै कर्मचारीहरुको मानसम्मानका लागि कार्यक्रमको आयोजना गरी राम्रो गर्नेहरुलाई पुरस्कृत गर्न सुझाव प्रस्तुत गर्नु भयो ।

५.१४ नेपालको पर्यटन प्रबर्द्धन गर्नका लागि अधिक भन्दा अधिक पर्यटक नेपाल ल्याउन सबैले प्रयास गरौ भन्दै कम्पनकिो उत्तरोत्तर उन्नती र प्रगतिको शुभकामना प्रकट गर्नु भयो ।

## ६. श्री जयन्द्र मान सिंह बानिया

६.१ नेपालमा पर्यटन र हाईड्रोमा लगानी गरिने लगानीको सम्बन्धमा लगानीकर्ताहरुको लगानी बचाउनका लागि कुनै पनि नियमनकारी निकायको व्यावस्था गरिएको छैन ।

६.२ नियमनकारी निकायको व्यावस्था नभएता पनि यो सोल्टी होटेललाई मान्नु पर्दछ आर्थिक बिवरणलाई विश्लेषण गर्दा कम खर्चमा पारदर्शि किसिमले देखाईएको पाईयो परिणामस्वरुप शेयरधनीहरुको लगानी नडुब्ने अवस्था पाईन्छ ।

६.३ होटेलको आर्थिक अवस्थाको विश्लेषण गर्दै श्री बानियांले निम्नलिखित भनाई राख्नु भयो:–

(क) कम्पनीको कुल चुक्ता पूंजी रु. ४२.१२ करोड रहेको र संचित जगेडा रु. ७४.३६ करोड रहेकोले कम्पनीको आर्थिक अवस्था बलियो रहेको छ ।

(ख) अन्य होटेलको तुलनामा यस होटेलको प्रशासनिक खर्च कम रहेको छ ।

(ग) कम्पनीको सम्पत्ति रु. ७१.७९ करोड रहेको छ र सो सम्पत्तिलाई मुल्यांकन गर्दा दश गुना बढाउन सकिने अवस्था रहेको छ र यो यसको सबल पक्ष हो ।

(घ) कम्पनीको दीर्घकालिन ऋण मात्र रु. ८६ लाख रहेको छ जसलाई ऋण रहित कम्पनी भन्न सकिन्छ ।

(ङ) कम्पनीको वित्तिय अवस्थालाई विश्लेषण गर्दा लगानीकार्ताहरुको लगानी पूर्णतया सुरक्षित रहेको प्रष्ट हुन्छ ।

(च) कम्पनीले यस वर्ष रु. १४४ करोड कुल आम्दानी गरी आयकर पछिको खुद मुनाफा रु. २२ करोड गरेको छ ।

६.४ कम्पनीले मात्र ३१.५८ प्रतिशत प्रतिफल दिएको छ जो कम हो । कम्पनीले चाहेको भए योभन्दा बढी प्रतिफल दिन सक्ने अवस्था विद्यमान रहेको छ ।

६.५ कम्पनीको शेयरको परल मुल्य रु. १० रहेको छ जसलाई नयां शेयरधनीले दोश्रो बजारबाट बढी मूल्यमा किनेको हुन्छ त्यो हिसाबले रु. ३.१६ मात्र प्रतिफल हुन आउछ त्यसैले यो प्रतिफल न्यून रहेको छ । यसले लगानीलाई आकर्षित गर्दैन । प्रत्येक वर्ष कम्तीमा पनि ४० प्रतिशत बोनस शेयर दिने व्यावस्था मिलाउनु पर्‍यो । लगानीकर्तालाई लगानीको प्रतिफल प्रत्येक वर्ष न्यूनतम ३० प्रतिशत बोनस शेयर र बांकी नगद दिने सम्बन्धमा आश्वस्थ पार्नु पर्‍यो ।

## १४ सभामा शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएको जिज्ञाशा एवं प्रश्नहरुको प्रत्युत्तर

शेयरधनी महानुभावहरुले छलफलको क्रममा सभामा प्रकट गर्नुभएका आफ्ना मन्तब्य, जिज्ञाशा एवं सराहना प्रति आभार व्यक्त गर्दै, बक्ता शेयरधनी महानुभावहरुले सभामा प्रकट गर्नु भएको जिज्ञांशा तथा प्रश्नहरुको कम्पनीका कार्यकारी अध्यक्ष एवं सभाका सभापति श्री दिनेश बहादुर बिष्टज्यूले सामूहिक रुपमा देहाय बमोजिम उत्तर दिनुभयो:–

१४.१ समिक्षा आर्थिक वर्षको आर्थिक विवरणहरुमा २०७२ साल बैशाख १२ गते (२५ अप्रील २०१५) देशमा आएको विनाशकारी महाभुकम्पले यस होटेलको व्यावसायमा पुर्‍याएको प्रतिकुल प्रभावका कारण प्रक्षेपित आम्दानीमा आएको उल्लेखनीय कमीको परिणामस्वरुप कम्पनीको आय विवरणमा त्यसको प्रत्यक्ष असर पर्न गई खुद मुनाफा गत वर्षको तुलनामा घटेको हो । मुख्यत: २०७२ साल बैशाख देखी आषाढ मसान्त सम्म साढे दुई महिनाको असर उक्त प्रतिवेदनमा समावेश रहेको छ । २०७२ साल श्रावण महिना पछि पर्यटन व्यावसाय

महाभुकम्प पछिको प्रतिकुल असर, तराई मधेश आन्दोलन र संगसंगै सिमानाका अवरोधबाट प्रतिपादित इन्धन र दैनिक उपभोगका खाद्य सामाग्रीको चरम अभावबाट दोहोरो मारमा पऱ्यो । जसको प्रभाव निश्चितरुपमा चालु आर्थिक वर्षको आर्थिक विवरणमा पर्ने देखिएकोछ । चालु आर्थिक वर्षको मुख्य पर्यटन मौसममा तराई मधेश अशान्ति र सिमानाको नाकावन्दीका कारण पर्यटक आगमन नगण्य रह्यो परिणामस्वरुप समग्र देशको अर्थव्यवस्थामा प्रतिकुल असर त पऱ्योनै देशको पर्यटन व्यावसायमा सोको अत्यन्तै गम्भीर प्रभाव परेको छ, जो महाभुकम्पको प्रभाव भन्दा निकै संगिन र प्रभावशाली रहेकोछ ।

१४.२ चालु आर्थिक वर्षको श्रावण देखी पौष सम्मको ६ महिनाको कम्पनीको कार्यसम्पादन गत वर्षको तुलनामा निकै पछाडी परेको यस अवधिको आर्थिक विश्लेषणले देखाएको छ जो यहांहरु समक्ष अघिपनि मैले निवेदन गरी सकेको छु । चालु आर्थिक वर्षको ६ महिनाको कार्य सम्पादन आशा गरे जस्तो नभएतापनि देशको वर्तमान अवस्थामा सुधार आई सबै कुरा सामान्यीकरण भएको खण्डमा पर्यटन उद्योगमा विशेष गरेर होटल खण्डको अवस्थामा तीब्र गतिले सुधार आउने हुंदा आशा गरौं कि कम्पनीको कार्यसम्पादनमा समेत अपेक्षित प्रतिफल प्राप्त हुनेछ । यो यसकारण पनि भन्न सकिन्छ की बैशाखको महाभुकम्प पछि पर्यटनको सुधार अत्यन्त द्रुत गतिले भएको थियो । त्यसै पृष्टभूमिमा हामी आशावादी छौं कि तराई मधेश अशान्तिबाट प्रतिपादित सिमानाकाबन्दीको समस्या छिट्टै सामान्यीकरण भई सहज स्थिति आउने छ र पर्यटनले पुनः गति लिनेछ । वर्तमान समस्या समाधान भए पछि स्थितिमा ठुलो परिवर्तन आउने अपेक्षा सहित आई पर्ने व्यावसायिक चुनौतीहरुलाई समेत पार गर्नु पर्नेछ ।

१४.३ आगामी वर्षको लाभांश प्रतिफल पूर्णतः चालु आर्थिक वर्षको कम्पनीको कार्यसम्पादनको परिणाममा निर्भर गर्ने हुंदा अहिलेनै भन्न सकिदैन ।

१४.४ कम्पनीको संचिती जगेडा अत्यन्त राम्रो अवस्थामा रहेको छ । त्यो यहांहरुले समेत सराहना गर्नु भएको छ । कम्पनीको बैंक ऋण अत्यन्त न्यून रहेको छ र यसलाई ऋण मुक्त कम्पनी भन्न सकिन्छ ।

१४.५ कम्पनीले आफ्नो संचिती जगेडालाई व्यासायमा पुर्नलगानी गर्ने गरेको छ । आगामी वर्ष यो कम्पनी ५० वर्षमा प्रवेश गर्दैछ । पचास वर्षको यो सम्पदा विरासदलाई जुन स्तरको स्याहार सम्भार हामीले गर्नू पर्नेहो सो हामीले गरिरहेकोले होटेलको गुणस्तरमा अभिबृद्धि भई रहेको छ । निश्चित रुपमा यो सबैकार्यका लागि पूंजीको आवश्यकता पर्दछ र त्यो हामीले उपलब्ध श्रोतको सही र समुचित पूंजी व्यावस्थापनबाट गरी रहेका छौं ।

१४.६ कम्पनीको मोहियानी हकको जग्गा सम्बन्धी बिषयमा हामी सकृयरुपमा समाधान तर्फ लागि परेका छौं । यस सम्बन्धी मुद्दा सम्मानित काठमाडौ जिल्ला अदालतमा विचाराधिन रहेकोले आशा गरौ छिट्टै किनारा लाग्ने छ ।

१४.७ शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम भुक्तानीको सन्दर्भमा व्यावस्थापनले बडो सजकताका साथ सके सम्म अधिकाधिक भुक्तानी गर्ने प्रयास गरि रहेको छ । यो रकम कम्पनीमा राख्ने कुनै मनसाय छैन । प्रत्येक साधारण सभामा शेयरधनीले बुझिलिन बाँकी रहेको लाभांशको लागि शेयरधनीको नाम र रकम सहित

सूचना टांस गरी प्रकाशित गर्ने गरेका छौं । अखवारमा समेत प्रकाशीत गर्ने गरेका छौं । यस सम्वन्धमा शेयरधनी महानुभावहरुले पनि बुझिलिन बाँकी लाभांश भुक्तानी गर्नमा कम्पनीलाई सक्दो सहयोग गर्नु हुन हार्दिक अनुरोध गर्दै बांकी रहेको लाभांश शेयरधनीहरु समक्ष पु्याउन सघाउनु होला भन्ने आशा समेत लिएका छौं ।

१४.८ लेखापरिक्षण शुल्क निर्धारणमा लेखापरीक्षकहरुबाट कार्टेलिंग गरियो भन्ने सम्वन्धमा हामीले यस बिषयमा केही गर्न सक्दैनौं । यो विसुद्ध लेखापरीक्षक र नेपाल चाटर्ड एकाउण्टेण्ट्स संस्था विचको विषय भएकोले सो बिषयमा कम्पनीले केही गर्न सक्ने अवस्था छैन ।

१४.९ होटेलका केही तल्लाहरुका पाहुना कोठाहरुलाई धरोहर (हेरिटेज) कोठाहरुको रुपमा विकास गरी हेरिटेज पाहुना कोठा बनाई पर्यटकका लागि आकर्षक बनाउने सम्वन्धमा अर्को वर्ष होटेल स्थापना भएको ५०औं वर्ष पुग्दैछ स्वर्ण जयन्ति (गोल्डेन जुब्ली) मनाउने तर्फ हामी उद्दत छौं त्यसैले निश्चितरुपमा कम्पनीका केही पाहुना कोठाहरुलाई हेरिटेज कोठा बनाउनका स्तरोन्नती हुदै गरेको भवनका केही तल्लालाई हेरिटेज तल्ला वा हेरिटेजविंगको रुपमा विकास गर्ने तर्फ कम्पनीको प्रयास भई रहेको छ र हाम्रो त्यसतर्फ ध्यान केद्रित भई सकेको छ र हामी सकृयताका साथमा सो कार्य गर्ने तर्फ लागि सकेका छौं ।

१४.१० कम्पनीले सोल्टी शिवक्रीम होटेल्स तथा रिसोर्ट प्रा.लि. मा आफ्नो पुर्ण स्वाधिकृत सहायक कम्पनी सोल्टी हस्पिटालिटी लिमिटेड मार्फत लगानी गरेको हो । उक्त कम्पनीले नेपालगंज र पोखरामा होटेल निर्माण गर्ने योजना अनुसार हाल नेपालगंजमा होटेल निर्माण गरी रहेको छ । सोल्टी शिवक्रीम होटेल्स तथा रिसोर्ट प्रा.लि. एउटा संयुक्त लागानी भएको कम्पनी हो । उक्त कम्पनीको गत आर्थिक वर्षको आर्थिक विवरण यस कम्पनीको सहायक कम्पनी मार्फत प्राप्त भएको छ । उक्त कम्पनीले जनाए अनुसार वर्तमान मधेश अशान्ति र सिमा नाकाबन्दिको निर्माणकार्यमा केही असर परेको भएतापनि परियोजनाको निर्माणकार्य सुव्यवस्थित र कुनै ठुलो व्यावधानरहित योजनाअनुसार प्रक्षेपित लक्ष्यलाई केन्द्रमा राखेर चलि रहेको जानकारी प्राप्त भएको छ ।

१४.११ होटेलको लिनु पर्ने बांकी प्राप्य असामीहरुको असुलीको सम्बन्धमा व्यावस्थापन अत्यन्त चनाखो र सक्रिय रही असुली कार्ययोजना अनुसार असुल उपर गरी रहेको जानकारी गराउदै कम्पनीको लेखापरीक्षण समितिले समेत प्रत्येक त्रैमासिकरुपमा यसको बिस्तृत पुनरावलोकन गर्ने गर्दछ । कम्पनीका सबै पुराना तथा नयां प्राप्तहुन बांकी असामीहरुको असूलीको सम्बन्धमा सबै आवश्यक उपायहरु अवलम्बन गरिन्छ । असामीहरुको असुलीको प्रक्रिया सुदृढ र नियन्त्रित रहेको र कम्पनीको लेखापरीक्षण समितिले समेत प्राप्य असामी असुली गर्ने सम्बन्धमा आवश्यक निर्देशन तथा अनुगमन गर्ने जानकारी गराउंदछु । कम्पनीको आसामी असुली योजनाबद्ध र सुनियोजित तरिकाले निरन्तर चलिरहेको छ । यो सदैव चलिरहने प्रकृयानै हो र हामीले योजना अनुसारनै असुल उपर गरी रहेका छौं ।

१४.१२ शेयरधनी महानुभावको बैंकहरुको जस्तै होटेलहरुको नियमन गर्ने निकाय नभएतापनि यो होटेल स्वनियन्त्रित रहेको पाइयो भन्ने सम्बन्धमा वास्तवमा प्रत्यक्षरुपमा नियमनकारी निकाय नभए जस्तो दखिएतापनि त्यसोचाहि

हैन । पर्यटन तथा होटेल उद्योगहरुको नियमनकारी निकाय संस्कृति पर्यटन तथा उड्डयन मंत्रालय, पर्यटन विभाग रहेको छ । पर्यटन विभागले होटेलहरुको नियमन गरिरहेको हुन्छ । समय समयमा अनुगमन, प्रत्येक त्रैमासिकरुपमा प्रतिवेदन तथा आवश्यक जानकारी लिने तथा होटेलको स्तरनिर्धारण र नियमित अनुगमन गरी गुणस्तर आदिको निरिक्षण हुने गर्दछ । होटेलको तारा निर्धारण र होटेल संचालन गर्ने अनुमती तथा अनुगमन आदि र अन्य सबैकुराहरु पर्यटन विभागबाटै नियन्त्रित हुने गर्दछ त्यसैले नियमनकारी निकाय छैन भन्ने कुरा चाहि सत्य होईन ।

१४.१३ कम्पनीले अर्को वर्ष होटेल स्थापना भएको ५०औं वर्षको उपलक्ष्यमा स्वर्ण जयन्ति (गोल्डेन जुब्ली) मनाउदै छ । उक्त अवसरमा यस होटेलको इतिहासको सम्वन्धमा पनि हामिले ध्यान दिने छौं ।

१४.१४ होटेलका कर्मचारीहरुलाई पुरस्कार र सम्मान गर्ने सम्वन्धमा यस होटेलमा कर्मचारीहरुलाई पुरस्कार र सम्मान गर्ने व्यावस्था यसको व्यावस्थापन प्रणालीमानै निहित रहेको जानकारी अनुरोध छ । प्रत्येक महिना महिनाको उत्कृष्ठ कर्मचारीको रुपमा कर्मचारीलाई सम्मान र कदर गर्ने आदिको समुचित र नियमित व्यवस्था रहेको छ र यो होटेलको व्यावस्थापन प्रक्रियामानै समावेश रहेको छ ।

१४.१५ होटेलको आर्थिक गतिबिधि सम्बन्धी प्रक्षेपणको सम्बन्धमा वर्तमान अप्रत्याशित व्यावसायिक कठीनाई र समस्याहरु, देशमा व्याप्त असहज अवस्था, इन्धन लगायतका वस्तुहरु आपूर्तिको चरम अभाव आदिको कारण कुनै पनि आर्थिक प्रक्षेपणको कार्यान्वयन हुन सकि रहेको छैन । वर्तमान अवस्थामा नेपालमा पर्यटक आगमन भई रहेको छैन त्यसैले आगामी वर्षको कार्यसम्पदनको सम्बन्धमा हामीले केही भन्न सक्ने अवस्थामा छैनौं । जति छिठो देशको वातावरण सहज र पर्यटन अनुकुल हुन्छ त्यती छिटो व्यावसायिक स्थितिमा सुधार आउने अपेक्षा गर्न सकिन्छ ।

सभापतिज्यूले शेयरधनी महानुभावहरुको जिज्ञांशा र प्रश्नहरुको प्रत्युत्तर दिनु भए पश्चात् सभा समक्ष छलफलको निर्धारित विषय सूचीका प्रस्तावहरु प्रस्तुत गर्नुभयो ।

## १५ सभाको निर्णय

### (क) समान्य प्रस्ताव

**१ निर्धारित विषय सूची (क) १ अनुरुप आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।**

**निर्धारित छलफलको विषय सूचि नम्बर (क) १ अनुरुप सभामा प्रस्तुत आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपरको छलफल पश्चात् सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले सभाबाट स्विकृत गरी पारित गर्नका लागि सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्बसम्मतिबाट संचालक समितिको आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) को प्रतिवेदन पारित गर्‍यो ।**

२ निर्धारित विषय सूची (क) २ अनुरुप लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) को वार्षिक आर्थिक विवरणहरु (हिसाव किताव), २०७२ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आम्दानी विवरण (नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन उपर छलफल गरि पारित गर्ने ।

निर्धारित छलफलको विषय सूची नम्बर (क) २ अनुरुप लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) को वार्षिक आर्थिक विवरणहरु (हिसाव किताव), २०७२ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आम्दानी विवरण (नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन लगायतका बित्तीय विवरणहरु उपरको छलफल पश्चात् स्विकृत गरी पारित गरियोस् भनी सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लिखित वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गऱ्यो ।

३ निर्धारित विषय सूची (क) ३ अनुरुप सञ्चालक समितिले आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) को नाफाबाट शेयरधनी महानुभावहरुलाई लिन मञ्जुर तथा चुक्ता पूँजीको ६.५७८९४७३७ प्रतिशतका दरले नगद लाभांश प्रदान गर्न गरेको प्रस्तावलाई छलफल गरि पारित गर्ने ।

निर्धारित छलफलको विषय सूची नम्बर (क) ३ बमोजिम संचालक समितिले आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) को मुनाफाबाट लिन मञ्जुर तथा चुक्ता पूँजीको ६.५७८९४७३७ प्रतिशतका दरले कम्पनीका शेयरधनी महानुभावहरुलाई नगद लाभांश प्रदान गर्न गरेको प्रस्तावलाई स्विकृत गरी पारित गरियोस् भनी सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लिखित प्रस्ताव सर्वसम्मतिबाट पारित गऱ्यो ।

४ निर्धारित विषय सूची (क) ४ अनुरुप कम्पनीको लेखापरीक्षण समितिले सिफारिश गरे बमोजिम आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) को लागि कम्पनीको लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक स्वीकृत गरी पारित गर्ने ।

निर्धारित छलफलको विषय सूची नम्बर (क) ४ अनुरुप आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) को लागि कम्पनीको लेखापरीक्षण गर्न लेखापरीक्षण समितिले सिफारिश गरे बमोजिम कम्पनीको लेखापरीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले लेखापरीक्षण समितिको सिफारिश बमोजिम श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउन्टेन्टस् काठमाण्डौं लाई आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) का लागि मुल्य अभिबृद्धि कर **(VAT)** बाहेक वार्षिक रु. ३९९,३००/– (अक्षेरुपी तिन लाख उनान्सय हजार तीन सय मात्र) पारिश्रमिक (लेखापरीक्षण शुल्क) दिने गरी कम्पनीको बैधानिक तथा कर लेखापरीक्षक नियुक्त गर्ने प्रस्तावलाई ४१औं वार्षिक साधारण सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

यसपूर्व, सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले लेखापरीक्षण समितिका अध्यक्ष एवं संचालक श्री रवि भक्त श्रेष्ठज्यूलाई यस बिषयको सम्बन्धमा लेखापरीक्षण समितिको तर्फबाट सिफारिश प्रस्तुत गर्न अनुरोध गर्नु हुंदा श्री रवि भक्त श्रेष्ठज्यूले सभा समक्ष लेखासमितिको सिफारिश प्रस्तुत गर्नु भयो ।

सभापतिज्यूको अनुमतिले, श्री रवि भक्त श्रेष्ठज्यूले कम्पनीका वर्तमान वैधानिक लेखापरीक्षक श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउन्टेन्टस् काठमाण्डौंको कार्यकाल ४१औं वार्षिक साधारण सभा सम्पन्न भए पश्चात् समाप्त भएको तथा साविक लेखापरीक्षक श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउन्टेन्टस् काठमाण्डौं कम्पनी ऐन, २०६३ को दफा १११ को प्रावधान बमोजिम पुर्ननियुक्तिका लागि योग्य भएको शेयरधनी महानुभावहरु समक्ष जानकारी गराउनु भयो ।

श्री रवि भक्त श्रेष्ठज्यूले आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) को लागि कम्पनीको वैधानिक लेखापरीक्षकमा साविकका लेखापरिक्षक श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउन्टेन्टस् **(Joshi & Bhandary, Chartered Accountants)** काठमाण्डौंलाई आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) को लागि नियुक्त गर्न सिफारिस गर्ने लेखापरीक्षण समितिको सर्वसम्मत निर्णय भए बमोजिम कम्पनीको यस ४१औं वार्षिक साधारण सभाबाट श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउन्टेन्टस्लाई आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) को लागि वैधानिक लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव सभाबाट पारित गरियोस भनी राख्नु भएको प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

त्यसैगरी सभापतिज्यूको अनुमतिले, लेखापरीक्षण समितिका अध्यक्ष, श्री रवि भक्त श्रेष्ठज्यूले लेखापरीक्षकको पारिश्रमिकको सम्बन्धमा लेखापरीक्षण समितिले आर्थिक वर्ष २०७२/०७३ (२०१५/१६) को लागि कम्पनीको बैधानिक लेखापरीक्षण **(Statutory Audit)** र कर लेखापरीक्षण **(Tax Audit)** दुवै लेखापरीक्षण गर्नको लागि मुल्य अभिबृद्धि कर **(VAT)** बाहेक वार्षिक रु. ३९९,३००/- (अक्षेरुपी तिन लाख उनान्सय हजार तीन सय मात्र) पारिश्रमिक (लेखापरीक्षण शुल्क) निर्धारण गर्ने सिफारिस गरेको हुंदा सोहि बमोजिम यस ४१औं वार्षिक साधारण सभाबाट सो प्रस्ताव पारित गरियोस भनी राख्नु भएको प्रस्तावलाई सभाले सर्वसम्मतिले स्वीकृत गरी पारित गऱ्यो ।

(ख) विशेष प्रस्ताव

५ निर्धारित छलफलको विषय सूची (ख) ५ अनुरुप कम्पनीको संचालक समितिबाट प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७१/०७२ (२०१४/०१५) को नाफाबाट शेयरधनीहरुलाई लिन मन्जुर तथा चुक्ता पूँजीको २५ प्रतिशतका दरले बोनस शेयर वितरण गर्ने विशेष प्रस्ताव पारित गर्ने र सोहि अनुसार लिन मन्जुर तथा चूक्ता पूंजीलाई बृद्धि गर्न स्वीकृत गरी पारित गर्ने ।

सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले निर्धारित छलफलको विषय सूची नम्बर (ख) ५ बमोजिम संचालक समितिले आर्थिक वर्ष २०७१/०७२ (२०१४/०१५) को मुनाफाबाट लिन मञ्जुर तथा चुक्ता पूँजीको २५ प्रतिशतका दरले बोनस शेयर वितरण गर्ने विशेष प्रस्ताव र सोहि अनुसार लिन मन्जुर तथा चुक्ता पूँजी बृद्धि गर्न स्वीकृत गर्ने प्रस्तावलाई छलफल गरी पारित गर्नका लागि सभा समक्ष प्रस्तुत गर्नु भएकोमा सभाले विशेष प्रस्ताव गरे बमोजिम कम्पनीका शेयरधनीशरुलाई २५ प्रतिशत बोनस शेयर वितरण गर्ने विशेष प्रस्तावलाई सर्वसम्मतिबाट स्विकृत गरी पारित गऱ्यो तथा सोहि अनुसार लिन मन्जुर तथा चुक्ता पूँजीलाई बृद्धि गर्ने प्रस्तावलाई समेत सर्वसम्मतिबाट स्वीकृत गरी पारित गऱ्यो ।

उपरोक्त अनुसार बोनश शेयर जारी गर्दा, कम्पनीले विगत देखी अपनाउदै आएको निति अनुसार ०.५० देखि ०.९ सम्मको भिन्न अंक **(fraction)** आएमा शेयरधनीबाट बांकी शेयर बराबरको अंकित मुल्य लिई १ कित्ता शेयर दिने र ०.१ देखि ०.४ सम्मको भिन्न अंक **(fraction)** आएमा शेयरधनीहरुलाई भिन्न अंकको लागि शेयरको अंकित मुल्य बराबरको बांकी रकम नगद फिर्ता दिइनेछ ।

६. निर्धारित छलफलको विषय सूची (ख) ६ अनुरुप कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम (क) कम्पनीको जारी पूंजी रु. ५०,००,००,००० (रुपैयां पचास करोड) प्रति शेयर रु. १०/- का दरको ५,००,००,००० थान साधारण शेयरबाट बृद्धि गरी रु. ७५,००,००,००० (रुपैयां पचहत्तर करोड) प्रति शेयर रु. १०/- का दरको ७,५०,००,००० थान साधारण शेयर पुऱ्याउने विशेष प्रस्ताव स्विकृत गरी पारित गर्ने ।

सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले निर्धारित छलफलको बिषय सूची नं (ख) ६ बमोजिम कम्पनीको जारी पूँजी रु. ७५,००,००,००० (रुपैयां पचहत्तर करोड) प्रति शेयर रु. १०/- का दरको ७,५०,००,००० थान साधारण शेयर कायम गर्ने सभा समक्ष बिशेष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लिखित जारी पूँजी बृद्धि गर्ने सम्बन्धी बिशेष प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गरी पारित गऱ्यो ।

७. निर्धारित छलफलको विषय सूची (ख) ७ अनुरुप कम्पनीको संचालक समितिबाट शेयर पूंजी बृद्धि गर्ने विशेष प्रस्ताव भए बमोजिम कम्पनीको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्न विशेष प्रस्ताव पारित गर्ने तथा यस सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय वा अन्य नियमनकारी निकायबाट कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन, परिमार्जन वा समायोजन गर्न पर्ने भएमा सोका लागि संचालक समिति (वा संचालक समितिले तोकेको व्यक्ति) लाई अधिकार / अख्तीयारी प्रदान गर्ने ।

सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले निर्धारित छलफलको बिषय सूची नम्बर (ख) ७ बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्न ४१औं साधारण सभा समक्ष विशेष प्रस्ताव पेश गर्नु भएकोमा सभाले छलफल पश्चात् उक्त संशोधनको विशेष प्रस्ताव अनुरुप कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा कम्पनीको जारी पूँजी सम्बन्धी निम्न अनुसारका दफा र नियम हरुमा संशोधन गर्न सर्वसम्मतिबाट बिशेष प्रस्ताव पारित गऱ्यो :–

कम्पनीको प्रबन्धपत्र तर्फको दफामा संशोधन

कम्पनीको प्रबन्धपत्रको दफा ५ मा संशोधनः

दफा ५.

कम्पनीको प्रबन्धपत्रको दफा ५ को दोश्रो प्रकरण /अनुच्छेद (पाराग्राफ ) मा उल्लेखित कम्पनीको जारी पूँजीमा निम्नलिखित संशोधन गरिएको छः–

"कम्पनीको जारी पूँजी रु. ७५,००,००,००० ( अक्षेरपि पचहत्तर करोड मात्र) हुनेछ जसलाई रु. १०/– दरको ७,५०,००,००० (सात करोड पचास लाख) कित्ता साधारण शेयरमा विभाजन गरिनेछ ।"

कम्पनीको नियमावली तर्फको नियममा संशोधन

कम्पनीको नियमावलीको नियम ६ मा संशोधनः

नियम ६.

कम्पनीको नियमावलीको नियम ६ को दोश्रो प्रकरण /अनुच्छेद (पाराग्राफ ) मा उल्लेखित कम्पनीको जारी पूँजीमा निम्नलिखित संशोधन गरिएको छः–

"कम्पनीको जारी पूँजी रु. ७५,००,००,००० ( अक्षेरपि पचहत्तर करोड मात्र) हुनेछ जसलाई रु. १०/– दरको ७,५०,००,००० (सात करोड पचास लाख) कित्ता साधारण शेयरमा विभाजन गरिनेछ ।"

कम्पनीको उपरोक्त प्रबन्धपत्र तथा नियमावलीको उल्लिखित दफा तथा नियमहरुमा संशोधन गर्ने सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय वा अन्य नियमनकारी निकायबाट कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन, परिमार्जन वा समायोजन गर्न र भाषागत फेर बदल गर्नु पर्ने वा सच्याउनु पर्ने भए सो समेत गर्नका लागि संचालक समिति वा संचालक समितिले तोकेको व्यक्तिलाई अधिकार / अख्तीयारी प्रदान गर्ने समेत सभाले सर्वसम्मतिबाट स्वीकृत गरी पारित गऱ्यो ।

(ग) विविध

८ विविध: अध्यक्षको आज्ञानुसार

निर्धारित छलफलको विषय सूची (ग) ८ बमोजिम सभापतिज्यूको अनुमतिले विविध विषयमा छलफल गर्ने र प्रस्ताव पारित गर्नुपर्ने अन्य कुनै विषय नभएको हुंदा सभाका सभापति एवं कार्यकारी अध्यक्षज्यूले सभालाई छलफलको यो विषय सूचीसंग सम्बन्धित कुनै पनि बिषय नभएको जानकारी दिनुभयो ।

१६ धन्यवाद ज्ञापन

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि सभापति एवं कार्यकारी अध्यक्षज्यूले समस्त शेयरधनी महानुभावहरु सकारात्मक तथा सक्रिय रुपले सहभागि हुनु भई कम्पनीको प्रगतिका लागि आवश्यक मार्गदर्शन समेत प्रदान गरी दिनु भएको, कार्यसम्पादन प्रति सराहना एवं ४१औं वार्षिक साधारण सभा सफलतापूर्वक संचालन एवं सुसम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा यस सभाको सफलतापूर्वक सञ्चालनका लागि योगदान गर्नुहुने सम्बन्धित सवैलाई हार्दिक धन्यवाद ज्ञापन तथा आभार प्रकट गर्नुभयो ।

१७ सभा विसर्जन

अन्त्यमा, सभामा छलफलको विषय सकिएकोले सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले दिउसो १२.४५ बजे कम्पनीको ४१औं वार्षिक साधारण सभाको काम कार्यबाही विसर्जन भएको घोषणा गर्नु भयो ।

लिल बहादुर खत्री
कम्पनी सचिव

दिनेश बहादुर बिष्ट
कार्यकारी अध्यक्ष / सभाका सभापति




**Soaltee Hotel Limited**

★ ★ ★ ★ ★


पोष्ट बक्स नं. ३८००, ताहाचल,
काठमाण्डौं, नेपाल ।
फोन नं. ९७७ १ ४२७३९९९
फ्याक्स नं. ९७७ १ ४२७२२०१ / ४२७२२०६
ईमेल : shl@soaltee.com.np